NEPAN Monthly E-Newsletter

Celebrating 25th Year
NEPAN

# नेपान ई-लेटर

वर्ष २१, अंक १, पूर्णाङ्क ११५, साउन, २०७६ (Year 21, Issue 1, Vol. 115, July/August 2019)

## गतिविधिहरू

### सम्बोधन परियोजनाबाट विभिन्न तालिमहरू सम्पन्न

DFID को सहयोग र MOTT MacDonald को व्यवस्थापनमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान), सिविएम इन्टरनेशनल, सप्रोस नेपाल र सामुदायिक विकास केन्द्र, नुवाकोटको सहकार्यमा नुवाकोट जिल्लाका तीन गाउँपालिकाहरुः दुप्चेश्वर, तादी र शिवपुरीमा सम्बोधन परियोजना सञ्चालन भइरहेको छ । उक्त परियोजनाले दिगो विकासको लक्ष्य प्राप्तिको लागि “कोही पनि पछि नपरुन्” भन्ने सारतत्वलाई आत्मसात गर्दै समाजमा रहेका अति जोखिमयुक्त वर्गहरू जस्तैः ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, भूकम्पको कारणले विस्थापित घरपरिवार र खाद्य असुरक्षा तथा अति विपन्न घरपरिवारहरुको लागि विभिन्न कार्यहरु गर्दै आएको छ ।

उक्त परियोजनाका सामाजिक परिचालक र कर्मचारीहरूलाई नुवाकोटको बट्टारमा २४ देखि २६ जुलाईसम्म Business एबिल तालिम, ३ देखि ५ अगस्टसम्म Disability Inclusive Development and Social Mobilization तालिम र ६ देखि ७ अगस्टसम्म Minimum Economic Standards (MERS) तालिम दिइयो ।

साथै, परियोजनाले अपनाउने ‘मर्स’ अर्थात् अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली (MERS) कै आधारमा तथ्याङ्क सङ्कलन कार्य परियोजना क्षेत्रमा धमाधम भइरहे को कुरा परियोजनाका लागि नेपानका क्षमता विकास विशेषज्ञ चन्द्रबहादुर सर्तुङ्गेले बताउनुभयो ।

### नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना

मिति २०१७ जनवरी मा सम्झौता भएको USAID को FHI 360 मार्फत संचालन भएको पारस्परिक जवाफदेहिता परियोजना यहि २०१९ जुन महिनामा सम्पन्न भएको छ । सरकारसंगको सिर्जनशिल सहकार्य तथा नागरिक नियमनको लागि नागरिक समाज संस्था तथा संचार क्षेत्रको क्षमता अभिबृद्धिको उद्देश्य सहित संचालित यस परियोजनामा नेपानले ३४ जिल्लामा कार्यरत १४ वटा नागरिक समाज संस्थाहरुको विभिन्न क्षेत्रहरुमा क्षमता अभिबृद्धिको कार्य गरेको थियो । विषेश गरि ती संस्थाहरुको पैरवीको क्षमताको विश्लेषण गरि पैरवी कार्यमा क्षमता अभिबृद्धि, विभिन्न सामाजिक औजारहरुको प्रयोगको लागि क्षमता अभिबृद्धि लगायत परियोजना चक्र व्यवस्थापन, स्रोत परिचालन तथा आर्थिक दिगोपना, नेतृत्व तथा सुशासन जस्ता विभिन्न विषयमा तालिमहरु संचालन गरेको थियो । यसै गरि नेपानले चार वटा संस्थाहरुको विभिन्न चरणमा संस्थागत क्षमता लेखाजोखा तथा पैरवी क्षमता विश्लेषण पश्चात कार्य योजना तयार गरि लागु गर्नका लागि औपचारिक तथा अनौपचारिक (Coaching Mentoring) लगायत फिल्ड भिजिट तथा अन्य माध्यमबाट समेत क्षमता अभिबृद्धि तथा प्राविधिक सहयोग गरिएको थियो ।

नेपानले विशेष गरि इष्किन, सामुदायिक सारथी, सुन्दर नेपाल संस्था र सोच नेपाल गरि चार संस्थाहरुको बृहत तथा गहनरुपले क्षमता अभिबृद्धिको कार्यहरु गरेको थियो । यसै गरि नेपानले पाँचवटा संस्थाहरुको वित्तीय तथा प्रशासनिक नियमावली र मानव संसाधन नियमावली बनाउने तथा अध्यावधिक गर्न सहयोग गरेको थियो । हाल नेपानले यसै परियोजना मार्फत सामाजिक जवाफदेहिताका छ वटा औजारहरुको सम्दर्भ सामाग्रीहरु तयार गरेको छ । यसै गरि नेपानको १४ वटा संस्थाहरुको ३४ जिल्लामा सम्पर्क स्थापना भएको छ ।

साथै, fhi 360 बाट हालै नेपानको ऋक्स्ःब्ए परियोजनाको लेखा परीक्षण समेत सम्पन्न भएको छ । परीक्षणका क्रममा परियोजनाका सम्पूर्ण भौचरहरुमध्येबाट केही नमुनाको अध्ययन गरी त्यसमा भएका कमीकमजोरीहरु एवं सुधारका लागि सुझाव दिनु भएको छ । साथै, लेखा खाताहरु प्रष्ट राखेकोमा नेपान सचिवालयको कदर गर्नुभएको छ ।

### ‘स्व. डा. भोला दाहाल स्मृति सम्मान कोष’ संचालन कार्यविधि मस्यौदा तयार

नेपानका पूर्व अध्यक्ष स्व. डा. भोलाप्रसाद दाहालको स्मृतिमा नेपानमा स्थापना गरिने ‘स्व. डा. भोलाप्रसाद दाहाल स्मृति सम्मान कोष’ सञ्चालन कार्यविधिको अन्तिम मस्यौदा तयार भएको छ । सो कार्यविधि नेपानको २५औं साधारणसभाका अवसरमा (भदौ २१, २०७६) प्रस्तुत गरी अनुमोदन गरिने छ । मस्यौदा तयारीका लागि कार्यसमितिकि सदस्य डा. मीनाक्षी दाहालको संयोजकत्वमा नेपानका सदस्यद्वय डा. प्रकाशचन्द्र भट्टराई र प्रज्ज्वलकुमार दाहालसमेतको तीन सदस्यीय समिति गठन गरिएको थियो ।

स्व. दाहालको नाममा स्मृति कोष स्थापनाका लागि अध्यक्ष चेतनाथ कणेलको अगुवाइमा नेपान सदस्यहरूको सहभागितामा करिब २ लाख रुपैयाँको एक प्रारम्भिक कोष तयार भइसकेको छ । उक्त कोषमा काठमाडौं विश्वविद्यालय– शिक्षा संकाय (हात्तीवन, ललितपुर) एमफिल तेस्रो वर्षका विद्यार्थीहरू (जो स्व. दाहालका विद्यार्थी हुनुहुन्थ्यो) हरूले पनि ५० हजार रुपैयाँ सहयोग गर्नुभएको छ । ‘कोष अभिवृद्धिको कार्यलाई अझ सशक्त बनाई छिट्टै कुल रकम ३ लाख पुऱ्याइने छ’, अध्यक्ष कणेलले भन्नुभयो । ‘योगदान गर्न चाहेर पनि हालसम्म रकम हस्तान्तरण गर्न नसकेका कतिपय सदस्यहरूसँग साधारणसभाको अवसर र त्यसपछि पनि पहल र अनुरोध गरिने छ’, उहाँले थप्नुभयो ।

स्मरणीय छ, स्व. दाहालले नेपानका विभिन्न प्रकाशनहरूमा लेख्नुभएका नेपाली तथा अङ्ग्रेजी आलेख एवम् अन्तर्वार्ताहरू सङ्कलन एवम् संयोजन गरी चेतनाथ कणेल र आशिष पाठकको सम्पादनमा ‘सहभागीमूलक विकास बहस’ नामक पुस्तक पनि नेपानबाट तयार भएको छ र भदौ २१ गते २५औं साधारणसभाकै अवसर पारेर सार्वजनिक गरिनेछ ।

NEPAN SECRETARIAT

Nepal Participatory Action Network (NEPAN)
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np

## नेपानको विधान संशोधन प्रस्ताव कार्यदल गठन

हामी नेपान स्थापनाको २५औं वर्षगाँठ मनाइरहेका छौं। यो संस्था एक परिपक्व संस्था भएको छ। नेपालको मात्र नभएर विश्वकै एक नमुना विकास-नेटवर्क संस्थाको रूपमा नेपानले पहिचान बनाएको छ। यसलाई यहाँसम्म ल्याइपुऱ्याउनका लागि यसका गतिशील सदस्य, संस्थागत संरचना, आन्तरिक नियम-कानुन तथा समय-समयमा तयार पारिने रणनीतिक विकास योजनाहरूको ठूलो भूमिका छ। संस्थालाई बदलिँदो परिस्थितिअनुरूप बनाउनका लागि हरेक गैसस वा नेटवर्क संस्थाले आफ्नो विधान पनि परिवर्तन र परिमार्जन गर्नैपर्छ। यही कुराको महसुस भएर नेपान कार्यसमितिले नेपानको विधानमा के के कुरा परिवर्तन गर्नुपर्छ भनी प्रस्ताव (तीन महले प्रस्ताव) ल्याउनका लागि एक कार्यदल बनाएको छ। कार्यदलमा संयोजक कृष्ण सुवेदी (भारद्वाज मित्र) हुनुहुन्छ भने सदस्यहरूमा रुपा मुनकर्मी तथा श्रीराम केसी हुनुहुन्छ। कार्यदलले तयार पारेको प्रस्तावलाई कार्यसमितिमा विस्तृतमा छलफल गरी पारित गर्नका लागि साधारणसभामा लगिने छ।

## नेपान प्रतिनिधिमण्डलद्वारा अस्ट्रेलियाली राजदूतसँग भेटवार्ता

नेपानका अध्यक्ष चेतनाथ कणेल, कार्यकारी निर्देशक उषा अर्याल दाहाल तथा पूर्व संयोजक एवम् आजीवन सदस्य फविन्द्र भण्डारीको त्रिसदस्यीय प्रतिनिधिमण्डलले २०७६ साउन ७ गते (अर्थात् २३ जुलाई २०१९) का दिन महाराजगन्ज चक्रपथस्थित अस्ट्रेलियाली राजदूतावासमा गई महामहिम राजदूत पिटर बड (Mr. Peter Budd) सँग करिब एक घण्टा लामो भेटवार्ता गऱ्यो।

भेटवार्ताका क्रममा अध्यक्ष चेतनाथ कणेलले नेपानको बारेमा संक्षिप्त परिचयका साथ हालसम्मका प्रमुख उपलब्धि र आरम्भदेखि हालसम्म सहयोग गर्ने प्रमुख साझेदार संस्थाहरूका बारेमा प्रकाश पार्नुभएको थियो। साथै नेपानले सन् २०१८-२०२२ अवधिका लागि तयार पारेको ५ वर्षे रणनीतिक योजना दस्तावेजमा रहेका मूल कुराहरू (थिम्याटिक फोकस) मा पनि संक्षेपमा प्रकाश पार्नुभएको थियो। नेपानको बारेमा प्रकाश पार्ने क्रममा बीचबीचमा उषा अर्याल दाहाल र फविन्द्र भण्डारीले पनि थपथाप गर्नुभई मौखिक प्रस्तुतिलाई थप ऊर्जामय बनाउनुभएको थियो। प्रस्तुतिकै क्रममा नेपानले भविष्यमा खासगरी सुशासन अभिवृद्धि, ज्येष्ठ नागरिक र सहभागीमूलक प्रक्रिया प्रवर्द्धनका क्षेत्रमा अस्ट्रेलियाली राजदूतावाससँग सहकार्य गर्न चाहेको मनसाय पनि अभिव्यक्त गरिएको थियो।

सोही क्रममा महामहिम राजदूत पिटर बडले नेपानको नेटवर्किङ, सदस्यता, कार्यशैली र प्रगतिको सह्राहना गर्दै नेपालको समग्र विकास र सुशासनका दिशामा सहयोग गर्न अस्ट्रेलियाली सरकार र राजदूतावास लामो समयदेखि प्रतिबद्ध रहेको कुरा दोहोऱ्याउनु भयो। साथै, पछिल्लो समय अस्ट्रेलियाली सरकारबाटै अन्तर्राष्ट्रिय सहयोग कोषमा रकम (करिब ४२ प्रतिशतसम्म) कटौती हुँदै गएकाले आफूले चाहे पनि सो 'स्केल'मा नेपाली संघसंस्थाहरूलाई सहयोग गर्न नसकिरहेको सन्दर्भ उल्लेख गर्नुभयो। उच्च शिक्षाका लागि ठूलो संख्यामा नेपाली विद्यार्थीहरू छात्रवृत्तिमा अस्ट्रेलियामा गइरहेको, कृषि उपज, वनजन्य पदार्थ तथा घरेलु सामग्रीको बजारीकरणमा जिल्लाजिल्लामा उद्यमी संघहरूमार्फत् सहयोग गरिरहेको, र सुशासन अभिवृद्धिका लागि एसिया फाउन्डेसनलगायतका संस्थाहरूसँग काम गरिरहेकोले ती पहलहरूमा नेपान पनि कतै साझेदार बन्नसक्ने सम्भावनातर्फ पनि उहाँले औंल्याउनुभयो। भेटकै क्रममा नेपानको ५ वर्षे रणनीतिक दस्तावेज, ब्रोसर, र आइओएमसँगको सहकार्यमा नेपानबाट प्रकाशित 'केसस्टडी बुक' समेत महामहिम राजदूतका हातमा पारिएको थियो।

## राष्ट्रिय मानवअधिकार आयोगको अन्तर्क्रियामा नेपान अध्यक्षको सहभागिता

राष्ट्रिय मानवअधिकार आयोग (एनएचआरसी) ले गत साउन २ गते (१८ जुलाई २०१९) आयोगको सभाकक्षमा आयोजना गरेको प्रस्तावित ज्येष्ठ नागरिक विधेयक, २०७५ माथिको छलफल कार्यक्रममा नेपानका अध्यक्ष चेतनाथ कणेलले भाग लिनुभयो। सो कार्यक्रममा सभापतित्व आयोगकै अध्यक्ष माननीय अनूपराज शर्माले गर्नुभएको थियो। कार्यक्रममा ज्येष्ठ नागरिक क्षेत्रका वरिष्ठ अभियन्ता डा. गौरीशङ्करलाल दास, अन्य अभियन्ता तथा विशेषज्ञहरू, आयोगका माननीय सदस्यहरू (प्रकाश वस्ती, मोहन अन्सारी, सुदीप पाठक), सरकारी तथा गैरसरकारी संस्थाका विभिन्न प्रतिनिधिहरू, मिडियाकर्मीहरू एवम आयोगका विभिन्न विभागका कर्मचारीहरू गरी करिब ६० जनाको सहभागिता थियो।

ज्येष्ठ नागरिक ऐन २०६३ को कुन कुन दफा तथा उपदफामा परिवर्तन गर्ने प्रस्ताव गरिएका छ भन्ने कुराका प्रस्तुति पश्चात विभिन्न सहभागीहरूले आ-आफ्ना तर्फबाट मन्तव्य तथा सुझाव राख्नुभएको थियो। मन्तव्य तथा सुझाव राख्ने क्रममा नेपानका अध्यक्षले उमेरहद हाललाई पुनरावलोकन गर्नेतर्फ नलागौं, २०७८ को जनगणनापछि र स्थानीय पालिका सरकार एवम प्रदेश सरकारको अनुभवका आधारमा व्यापक छलफलपश्चात जति बनाउनुपर्छ त्यति बनाउन राम्रो हुने बताउनुभयो। साथै, यस्तो छलफलमा कम्तिमा गाउँपालिका महासंघ, नगरपालिका संघ र जिल्ला समन्वय समितिका प्रतिनिधिहरूको उपस्थित हुन सके भने अझ गुणस्तरीय छलफल हुन सक्थ्यो कि भन्ने सुझाव दिनुभयो। यसैगरी विधेयकमा जिल्लाको भूमिका स्पष्ट नभएको र तथ्यांक संकलन गर्न भनेर पृष्ठ १० मा उल्लिखित प्रसंग नमिलेको हुनाले पुन:लेखन गरिनुपर्छ भन्ने सुझाव दिनुभयो र अहिलेको ऐन (२०६३) तथा नियमावली (२०६५) नै राम्रोसँग कार्यान्वय नभइरहेको परिप्रेक्ष्यमा कानुनको अभ्यास र कार्यान्वयन नै ठूलो कुरा हो भन्ने कुरा पनि सुझाउनु भयो।


Nepal Participatory Action Network (NEPAN)
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np

## सूचना र अनुरोध !

- नेपानको वार्षिक सदस्यता नवीकरण गर्नुभयो ?
- आफ्नो नेटवर्कमा रहेका इच्छुक र योग्य साथीहरूलाई सदस्यका लागि सिफारिस गर्नुभयो ?
- नेपानको अद्यावधिक वेबसाइट (www.nepan.org.np) हेर्नु भएको छ ?
- नेपानको YouTube channel subscribe गर्नु भयो ?
- नेपानको २५ औँ वार्षिक साधारणसभा आगामी भदौ २१ गते (सेप्टेम्बर ७, २०१९) शनिवारका दिन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) मा विहान ८ बजेदेखि आयोजना हुँदैछ । आफ्नो उपस्थितिबारे नेपान सचिवालयलाई जानकारी गराउनु भयो ?
- नेपान सदस्यहरूले लेख्नुभएका वा सम्पादन गर्नुभएका पुस्तक तथा पत्रपत्रिकाका प्रतिहरू नेपान स्रोत-केन्द्रमा उपलब्ध गराइरहनु भएको छ ? पत्रपत्रिका तथा जर्नलमा आफूले प्रकाशन गरेका आलेखका लिंक वा स्रोत नेपान सचिवालयलाई जानकारी गराउनुभएको छ ? पठाउनुहुन हाम्रो अनुरोध छ, हामी सूचना विस्तार गर्नेछौं र अभिलेख राख्नेछौं ।

## नेपान स्रोत-केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

- सुखतिरको यात्रा (पुस्तक), तेस्रो संस्करण, (ले. महेन्द्र शाक्य)
- मानवअधिकार प्रशिक्षण पाठ्यक्रम, राष्ट्रिय मानव अधिकार आयोग, २०७६
- आप्रवासी कामदारहरूको अधिकारको अवस्था, राष्ट्रिय मानव अधिकार आयोग, २०७६
- मानवअधिकार संवाहक (जर्नल), अङ्क ११, राष्ट्रिय मानव अधिकार आयोग, २०७६
- मानवअधिकार-पत्र, राष्ट्रिय मानव अधिकार आयोग, २०७६
- A survey of the Nepali People in 2018, Australian Aid/KU
- आदर्श खबर, राष्ट्रिय मासिक (म्यागाजिन), वर्ष २, अङ्क ९, जेठ २०७६

NEPAN SECRETARIAT

**Nepal Participatory Action Network (NEPAN)**
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np